बैठक संख्या : १०/२

आज मिति २०७९।०५।१२ गते आईतवार दिनको ८:०० बजे बेलबारी नगरपालिकाका नगर प्रमुख श्री दिल प्रसाद राईज्यूको अध्यक्षतामा नगर कार्यपालिकाको तपशिल बमोजिमका पदाधिकारी र सदस्यहरुको उपस्थितिमा बैठक बस्यो ।

तपशिल

| क.सं. | नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री दिल प्रसाद राई | प्रमुख | |
| २ | श्री नितु थापा | उपप्रमुख | |
| ३ | श्री मणी पुलामी थापा मगर | सदस्य | |
| ४ | श्री कृष्ण बहादुर गुरुङ | सदस्य | |
| ५ | श्री योगेन्द्र प्रसाद सुवेदी | सदस्य | |
| ६ | श्री चन्द्र बहादुर लिम्बु | सदस्य | |
| ७ | श्री डिल्ली बहादुर कटुवाल | सदस्य | |
| ८ | श्री टेक बहादुर राई | सदस्य | |
| ९ | श्री सुनिता चौधरी | सदस्य | |
| १० | श्री धनपती गौतम | सदस्य | |
| ११ | श्री सालिग्राम बस्नेत | सदस्य | |
| १२ | श्री गंगा बहादुर याख्खा | सदस्य | |
| १३ | श्री बिक्रम राई | सदस्य | |
| १४ | श्री पार्वती बस्नेत गौतम | सदस्य | |
| १५ | श्री रिता राजवंशी | सदस्य | |
| १६ | श्री भिम कुमारी गुरुङ | सदस्य | |
| १७ | श्री सन्च माया लिम्बु | सदस्य | |
| १८ | श्री निलम कुमारी राई | सदस्य | |
| १९ | श्री बद्री नारायण मण्डल | सदस्य | |
| २० | श्री जाँच मान याक्खा राई | सदस्य | |
| २१ | श्री विजय तोलाङ्गी | सदस्य | |
| २२ | श्री गणेशराज कार्की | सचिव | |
| | अन्य कर्मचारीहरु | | |
| १ | महेन्द्र खड्का | अधिकृत आठौं | |
| २ | धनमाया राई | लेखा अधिकृत | |
| ३ | कृष्ण न्यौपाने | एम.आई.एस अपरेटर | |
| ४ | दिनेश खड्का | स.कम्प्युटर अपरेटर | |



Scanned with CamScanner

**प्रस्तावहरू**

१. अघिल्लो बैठकको समिक्षा सम्बन्धमा ।
२. खोलाको I.E.E. प्रतिवेदन, २०७९ सम्बन्धमा ।
३. खोला ठेक्का व्यवस्थापन सम्बन्धमा ।
४. विद्यालय कर्मचारी, वाल विकास सहजकर्ता र सहयोगीको पारिश्रमिक सम्बन्धमा ।
५. लोक सेवा आयोगको माग आकृति फारम सम्बन्धमा ।
६. साझेदारी बन व्यवस्थापनमा प्रतिनिधि पठाउने सम्बन्धमा ।
७. औधोगिक ग्रामको जग्गा व्यवस्थापन ।
८. नगर खेलकुद विकास समिति गठन सम्बन्धमा ।
९. आन्तरिक श्रोत व्यवस्थापन सम्बन्धमा ।
१०. उद्यम विकास समिति गठन सम्बन्धमा ।
११. भूउपयोग परिषद् र भूउपयोग कार्यान्वयन समिति गठन सम्बन्धमा ।
१२. फोहोरमैला व्यवस्थापन सम्बन्धमा ।
१३. सार्वजनिक खरिद नियमावली, २०७८ को दोश्रो संशोधन सम्बन्धमा ।
१४. सचिवालयमा निजी सचिव व्यवस्थापन सम्बन्धमा ।
१५. विविध ।

- क. सुनसरी मोरङ सिंचाई आयोजना अन्तर्गतको नहर सडक मर्मत सम्बन्धमा ।
- ख. लोहन्द्रा/चिसाङ खोला बाढी नियन्त्रणमा भएको खर्च भूक्तानी सम्बन्धमा ।
- ग. लोहन्द्रा/चिसाङ खोला नदी नियन्त्रण सम्बन्धमा ।
- घ. ह्यूमपाइप खरिदको रकम भूक्तानी सम्बन्धमा ।
- ङ. बेलबारी नगर अस्पतालमा कोठा थप सम्बन्धमा ।
- च. अन्य समसामयिक विषय



Scanned with CamScanner

निर्णयहरू

**निर्णय नं.१:** अघिल्लो कार्यपालिकाले गरेका निर्णयहरूको समीक्षा गर्दा सबै निर्णयहरू कार्यान्वयन तहमा रहेको पाइयो र देहायका विषयहरूका सम्बन्धमा देहाय बमोजिम कार्यवाही अगाडि बढेको कुरा जानकारी हुनुको साथै उल्लेखित देहायका विषयलाई स्वीकृत / अनुमोदन गर्ने निर्णय गरियो ।

**देहाय**

| सि.नं. | कामको विवरण | अवस्था | निर्णय |
|---|---|---|---|
| १ | आ.व. २०७९/०८० का लागि नगरपालिका र सेवा इकाईहरूमा विद्युत मर्मत सम्बन्धी सूचना प्रकाशन भएको । | मूल्याङ्कनको चरणमा रहेको (लागत अनुमान रु. ५ लाखमा नबढ्ने गरी सूचना प्रकाशन गरिएको) | स्वीकृत /अनुमोदन गरियो । |
| २ | आ.व. २०७९/०८० का लागि नगरपालिका र सेवा इकाईहरूमा कम्प्युटर र प्रिन्टर मर्मत सम्बन्धी सूचना प्रकाशन भएको । | मूल्याङ्कनको चरणमा रहेको (लागत अनुमान रु. ५ लाखमा नबढ्ने गरी सूचना प्रकाशन गरिएको) | स्वीकृत /अनुमोदन गरियो । |
| ३ | आ.व. २०७९/०८० का लागि खानेपानी व्यवस्थापनको लागि सूचना प्रकाशन भएको । | मूल्याङ्कनको चरणमा रहेको (लागत अनुमान रु. ५ लाखमा नबढ्ने गरी सूचना प्रकाशन गरिएको) | स्वीकृत /अनुमोदन गरियो । |
| ४ | आ.व. २०७९/०८० का लागि मोटरसाइकल मर्मत लागि सूचना प्रकाशन भएको । | मूल्याङ्कनको चरणमा रहेको (लागत अनुमान रु. ५ लाखमा नबढ्ने गरी सूचना प्रकाशन गरिएको) | स्वीकृत /अनुमोदन गरियो । |
| ५ | बेलबारी नगर अस्पतालमा आ.व. २०७९/०८० का लागि स्वास्थ्य (विशेषज्ञ) सेवा खरिदको सूचना प्रकाशन भएको । | सूचना प्रकाशन पश्चात आवेदन परेको मूल्याङ्कन बाँकी रहेको | बेलबारी नगर अस्पताल सञ्चालन तथा व्यवस्थापन समितिको निर्णयानुसार |
| ६ | भूउपयोग क्षेत्र वर्गीकरण र भूउपयोग योजना तर्जुमा | कार्यान्वियनको चरणमा रहेको | नगर प्रमुख स्तरीय निर्णयानुसार खरिद प्रकृया भएकोमा सो लाई स्वीकृत/अनुमोदन गरियो । |
| ७ | संगठन तथा व्यवस्थापन सर्वेक्षण | कार्यान्वियनको क्रममा | नगर प्रमुख स्तरीय निर्णयानुसार खरिद प्रकृया भएकोमा सो लाई स्वीकृत/अनुमोदन गरियो । |
| ८ | चिसाङ र लोहन्द्रा खोलाको I.E.E. | आयोजनाको कार्य सम्पन्न भएको | स्वीकृत /अनुमोदन |
| ९ | दुई जना ल्याब टेक्निसियन सेवा खरिद | मूल्याङ्कनको क्रममा रहेको | कार्यपालिकाको निर्णयानुसार कार्य भई रहेको |
| १० | आवधिक योजना निर्माण | कार्यान्यवनको क्रममा रहेको | नगर प्रमुख स्तरीय निर्णयानुसार खरिद प्रकृया भएकोमा सो लाई स्वीकृत/अनुमोदन गरियो । |
| ११ | आ.व. २०७९/०८० का लागि विभिन्न विषय क्षेत्रसँग सम्बन्धीत लागत अनुमान बनाउन सूचना प्रकाशन | सूचना अनुसार आवेदन आउने क्रम जारी रहेको | स्वीकृत/अनुमोदन गरियो । |

**निर्णय नं.२:** बेलबारी नगरपालिकाको सीमा क्षेत्रमा रहेको चिसाङ खोलाको खोलाजन्य पदार्थको उत्खनन, सङ्कलन र बिक्रीका लागि बेलबारी नगरपालिका र कानेपोखरी गाउँपालिकाको संयुक्त रुपमा आ.व. २०७९/०८० र २०८०/०८१ का लागि I.E.E. गरिएको । प्राप्त I.E.E. मस्यौदा प्रतिवेदन उपर छलफल गरी प्रदान गरिएका रायहरूसमेत समावेश गरी परामर्श दाताबाट प्राप्त चिसाङ खोलाको I.E.E. प्रतिवेदनलाई बेलबारी नगरपालिका र कानेपोखरी गाउँपालिकाको मिति २०७९/०५/०५ गते सम्पन्न भएको अन्तर स्थानीय तह समन्वय समितिको बैठको निर्णय सिफारिस एवं बेलबारी नगरपालिका प्रारम्भिक वातावरणीय



Scanned with CamScanner

परीक्षण कार्यविधि, २०७९ को दफा ७ को उपदफा (४) ले प्रदान गरेको अधिकार बमोजिम चिसाङ खोलाको I.E.E. प्रतिवेदन स्वीकृत गर्ने निर्णय गरियो । साथै बेलबारी नगरपालिकाको सिमा क्षेत्रमा रहेको लोहन्द्रा खोलाको खोलाजन्य पदार्थको उत्खनन, सङ्कलन र बिक्रीका लागि बेलबारी नगरपालिका, सुन्दरहरैचा नगरपालिका, ग्रामथान गाउँपालिकाको संयुक्त रुपमा आ.व. २०७९/०८० र २०८०/०८१ का लागि I.E.E. गरिएको । प्राप्त I.E.E. मस्यौदा प्रतिवेदन उपर छलफल गरी प्रदान गरिएका रायहरूसमेत समावेश गरी परामर्श दाताबाट प्राप्त लोहन्द्रा खोलाको I.E.E. प्रतिवेदनलाई बेलबारी नगरपालिका संक्षिप्त वातावरणीय अध्ययन तथा प्रारम्भिक वातावरणीय परीक्षण कार्यविधि, २०७९ को दफा ७ को उपदफा (४) ले प्रदान गरेको अधिकार बमोजिम लोहन्द्रा खोलाको I.E.E. प्रतिवेदन स्वीकृत गर्ने निर्णय ।

**निर्णय नं.३ :** देहायका खोलाहरूबाट स्वीकृत I.E.E. प्रतिवेदनले तोकेको परिमाण र तोकिएका नाकाहरूबाट तोकिए बमोजिम खोलाजन्य पदार्थ प्रचतलित कानून बमोजिम उत्खनन र बिक्रीबाट आन्तरिक श्रोत सङ्कलनका लागि सार्वजनिक सूचना प्रकाशन गर्ने निर्णय गरियो ।

**खोला र ठेक्का सम्बन्धी विवरण**

| सि.नं. | खोलाको नाम र नाकाहरू | न्यूनतम ठेक्का प्रकाशन सम्बन्धी विवरण | | | कानूनी आधार र सूचनाका मुलभूत विषयहरू | कैफियत |
|---|---|---|---|---|---|---|
| | | परिमाण (घ.मी) | दर प्रति घन फिट | जम्मा रकम रु. मुअ कर बाहेक | | |
| १ | चिसाङ खोलाका दुवै पालिका तर्फका १८ वटा नाका | ५८७९८ भन्नाले २०७६७४५.३६ घन फिट | ६ | १,२४,६०,४७२.१६ | बेलबारी न.पा.सार्वजनिक खरिद नियमावली, २०७८ परिच्छेद - १२ आय ठेक्का बन्दोबस्त सम्बन्धी व्यवस्थामा उल्लेख भए बमोजिम र बेलबारी न.पा. आर्थिक ऐन, २०७९ साथै प्रदेश सरकार आर्थिक ऐन, २०७९ बमोजिम | श्रमजन्य प्रविधिको प्रयोग गरी मात्र उत्खनन गर्ने गरी सूचना प्रकाशन गर्ने र I.E.E. प्रतिवेदनमा उल्लेखित वातावरणिय रुपमा नकारात्मक प्रभाव पार्ने विषयलाई न्यूनिकरण गरी सकारात्मक पक्षलाई प्रवर्द्धन हुने गरी सूचना प्रकाशन गर्दै सोही कार्यान्वयन गर्ने |
| २ | लोहन्द्रा खोलाको एकल तथा संयुक्त नाका ३७ वटा जसमध्ये ४ वटा नाकाबाट उत्खनन नगर्ने | ७७५३४.७ भन्नाले २७,३८,५२५.६०४ घनफिट | ६ | १,६४,३१,१५३.६२४ | बेलबारी न.पा.सार्वजनिक खरिद नियमावली, २०७८ परिच्छेद - १२ आय ठेक्का बन्दोबस्त सम्बन्धी व्यवस्थामा उल्लेख भए बमोजिम र बेलबारी न.पा. आर्थिक ऐन, २०७९ साथै प्रदेश सरकार आर्थिक ऐन, २०७९ बमोजिम | श्रमजन्य प्रविधिको प्रयोग गरी मात्र उत्खनन गर्ने गरी सूचना प्रकाशन गर्ने र I.E.E. प्रतिवेदनमा उल्लेखित वातावरणिय रुपमा नकारात्मक प्रभाव पार्ने विषयलाई न्यूनिकरण गरी सकारात्मक पक्षलाई प्रवर्द्धन हुने गरी सूचना प्रकाशन गर्दै सोही कार्यान्वयन गर्ने र दैनिक ३०० घ.मि उत्खनन् गर्ने गरी मात्र सूचना प्रकाशन /सम्झौता गर्ने |



Scanned with CamScanner

**निर्णय नं. ४ :** नगरपालिका क्षेत्रभित्र रहेका सामुदायिक विद्यालयका कार्यालय सहायक लेखा, बालविकास सहजकर्ता र कार्यालय सहयोगीहरूलाई २०७९ श्रावण १ गतेदेखि लागु हुने गरी मासिक देहाय बमोजिम पारिश्रमिक उपलब्ध गराउने निर्णय गरियो ।

देहाय

| सि.नं. | पद | संख्या | प्रति व्यक्ति प्रति महिना रु. | कैफियत |
|---|---|---|---|---|
| १ | कार्यालय सहायक लेखा | १२ | २०६५०।- | चाडपर्व खर्च समेत गरी १३ महिना |
| २ | बाल विकास सहजकर्ता | ६५ | १८०००।- | चाडपर्व खर्च समेत गरी १३ महिना |
| ३ | कार्यालय सहयोगी | ३१ | १६५००।- | चाडपर्व खर्च समेत गरी १३ महिना |

**निर्णय नं. ५ :** प्रदेश लोक सेवा आयोग समक्ष देहायका पदमा स्थायी पदपूर्तिका लागि माग आकृति फारम भरी पठाउन पेस भएको प्रस्ताव स्वीकृत गरी स्थायी पदपूर्तिका लागि माग गर्ने निर्णय गरियो ।

देहाय

| क.स | माग पदको नाम | श्रेणी /तह | सेवा समूह | रिक्त सङख्या | न्यूनतम शैक्षिक योग्यता | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | मेडिकल अफिसर | अधिकृत आठौं | स्वास्थ्य | १ | मान्यता प्राप्त शिक्षण संस्थाबाट एम.बि.बि.एस वा सो सरह उपाधि प्राप्त गरेको हुनु पर्ने वा लोकसेवा आयोगले तोके बमोजिम । | |
| २ | इन्जिनियर | अधिकृत छैटौं | सिभिल | १ | मान्यता प्राप्त शिक्षण संस्थाबाट सिभिल इन्जिनियरिङ उत्तीर्ण गरेको वा लोकसेवा आयोगले तोके बमोजिम । | |
| ३ | सव- इन्जिनियर | सहायक स्तर पाँचौं | सिभिल | ३ | मान्यता प्राप्त शिक्षण संस्थाबाट सिभिल इन्जिनियरिङ विषयमा प्रमाणपत्र तह उत्तीर्ण गरेको वा लोकसेवा आयोगले तोके बमोजिम । | |
| ४ | कृषि अधिकृत | अधिकृत छैटौं | कृषि | १ | मान्यता प्राप्त विश्व विद्यालयबाट कृषि विज्ञान विषयमा स्नातक तह (BSC.Ag) उत्तीर्ण गरेको वा लोकसेवा आयोगले तोके बमोजिम । | |
| ५ | प्रा.स कृषि | सहायकस्तर पाँचौं | कृषि | १ | मान्यता प्राप्त विश्व विद्यालयबाट कृषि विज्ञान विषयमा प्रविणता प्रमाणपत्र तह (ISC.Ag) वा ३ वर्षे डिप्लोमा इन कृषि उर्तीर्ण गरेको वा लोकसेवा आयोगले तोके बमोजिम । | |
| ६ | ना.प्रा.स कृषि | सहायकस्तर चौथों | कृषि | २ | मान्यता प्राप्त शिक्षण संस्थाबाट एस.एल.सी/एस.ई.ई वा सो सरह उत्तीर्ण गरी न्यूनतम एक वर्ष जे.टी.ए. कृषि विज्ञान तालिम प्राप्त वा मान्यता प्राप्त शिक्षण संस्थाबाट कृषि विषय लिई टी.एस.एल.सी उत्तीर्ण भएको वा लोकसेवा आयोगले तोके बमोजिम । | |



Scanned with CamScanner

**निर्णय नं. ६:** बेलबारी चिसाङ साझेदारी बन व्यवस्थापन समितिका लागि एक जना कार्यपालिका सदस्यलाई प्रतिनिधिको रूपमा पठाउन माग भएकोमा नगर कार्यपालिका सदस्य श्री जाँचमान याक्खालाई प्रतिनिधि सदस्यको रूपमा पठाउने निर्णय गरियो साथै लोहन्द्रा पश्चिमको साझेदारी वनको हकमा प्रतिनिधि माग भएमा कार्यपालिका सदस्य श्री कृष्ण गुरुङलाई पठाउने निर्णय गरियो ।

**निर्णय नं. ७ :** यस नगर क्षेत्रभित्र एउटा औद्योगिक ग्राम स्थापनाका लागि जग्गा खोजी, पूर्व सम्भाव्यता अध्ययनका लागि ११ सदस्यीय जग्गा खोजी एवं पूर्व सम्भाव्यता अध्ययन समिति गठन गर्न नगर उपप्रमुखज्यू को प्रस्तावमा नगर प्रमुखज्यूले निर्णय गर्ने गरी समिति गठन गर्न अधिकार प्रत्यायोजन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ८ :** बेलबारी नगरपालिका खेलकुदको सम्बन्धमा व्यवस्था गर्ने बनेको ऐन, २०७६ को दफा ३ को उपदफा २ बमोजिम पदेन सदस्य बाहेक १२ सदस्यहरूको मनोनयन उपप्रमुखज्यूको प्रस्तावमा नगर प्रमुखज्यूले निर्णय गर्ने गरी अधिकार प्रत्यायोजन गर्ने साथै ६ जना आमन्त्रित सदस्य समेत समान प्रक्रियाबाट आमन्त्रित सदस्यको रूपमा मनोनयन गर्ने गरी नगर खेलकुद विकास समिति गठन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ९ :** राजस्व परामर्श समितिको सिफारिस बमोजिम चालु आ.व. २०७९/८० को आन्तरिक श्रोत असुलिका लागि ठेक्का व्यवस्थापन देहाय बमोजिम गर्ने/गराउने र उक्त समितिबाट प्राप्त सुझावहरूलाई क्रमशः पालना गर्दै लाने निर्णय गरियो ।

**देहाय**

| क्र.स | ठेक्का | ठेक्का रकम (मू.अ. कर बाहेक) | कैफियत |
|---|---|---|---|
| १. | बेलबारी नगरपालिका वडा नं. ३ मा लाग्ने मवेशी हाटको पशु हाटबजार कर असुली | रु ३०,००,०००/- अक्षरेपितीस लाख मात्र । | |
| २. | लक्ष्मीमार्ग सोराभाग सडक, बेतना सिमसार बुधबारे सडक, टुक्रे कसेनी सडक, मालपोत कसेनी सडक, बेलबारी फडानी सडक, लालभित्ती केराबारी सडक र कसेनी बाहुनी नरह सडक उपयोग गरे बापत ( कृषिजन्य बस्तु बाहेक अन्य व्यापारिक वस्तु ढुवानी गरे बापत) | रु २०,५०,०००/- अक्षरेपि बीस लाख पचास हजार मात्र । | |
| ३. | बेलबारी १ मा लाग्ने सोमबारे र बेलबारी २ मा लाग्ने शुक्रबारे हाटको ठेक्का व्यवस्थापन | रु ७,२०,०००/- अक्षरेपि सात लाख बीस हजार मात्र । | |
| ४. | सिसौबारी फडानी भलुवा लोहन्द्रा खोला बेलबारी सडकको आन्तरिक ठेक्का व्यवस्थापन | रु ९,६०,०००/- अक्षरेपि नौ लाख साठ्ठी हजार मात्र । | |
| ५. | कवाडी शुल्क असुली | हाल ठेक्का बन्दोबस्तका लागि बोल अंक रकम रु ३,५०,०००/- अक्षरेपि तीन लाख पचास हजार मात्र भएकोमा व्यापारीसँग समन्वय गरी बोल अंकमा ३६ प्रतिशत सम्म घटाई बोलपत्र आवहानद्वारा स्रोत असुली | |
| ६ | पार्किङ शुल्क असुली (मालपोत र नापी) | रु ४,००,०००/- अक्षरेपि चार लाख मात्र । | |

साथै देहायका आन्तरीक स्रोतका क्षेत्रहरूमा ठेक्का व्यवस्थापनका सम्बन्धमा हाल सम्म हुने गरेको प्रकृया, राजस्व असुली प्रकृया र व्यवस्थापकीय पक्षहरूको अध्ययन गरी राय सुझाव सहितको प्रतिवेदन पेश गर्नका लागि देहाय रहने गरी **"आन्तरीक स्रोत संकलनका अध्ययन समिति"** गठन गर्ने निर्णय गरियो ।

**अध्ययनको विषय क्षेत्र**

आ.व. २०७८/७९ को मवेशीहाट बेलबारी ३ को राजस्व दाखिला सम्बन्धमा, सोमबारे हाट बेलबारी १ र शुक्रबारे हाट बेलबारी २, आन्तरिक आयका लागि ठेक्का बन्दोबस्त, पूर्वाधार उपयोग शुल्क, पार्किङ शुल्क, कबारी शुल्क र अन्य (भएमा) ।



Scanned with CamScanner

**देहाय**

| | |
|---|---|
| नगर उपप्रमुख | संयोजक |
| आर्थिक विकास समिति, संयोजक | सदस्य |
| वडा अध्यक्ष, १ नं. वडा | सदस्य |
| वडा अध्यक्ष, २ नं. वडा | सदस्य |
| वडा अध्यक्ष, ३ नं. वडा | सदस्य |
| आर्थिक विकास समिति, सदस्य सचिव | सदस्य सचिव |

निर्णय नं. १० : बेलबारी नगरपालिका उद्यम विकास समिति र अनुगमन समितिमा पदेन सदस्य बाहेक अन्य सदस्यहरूको मनोनयन उपप्रमुखज्यूको प्रस्तावमा नगर प्रमुखज्यूले निर्णय गर्ने गरी अधिकार प्रत्यायोजन गर्ने समिति गठन गर्ने र सो कार्यक्रमको शाखा प्रमुखको रुपमा अधिकृत स्तर छैठौं श्री ईन्द्रमणी कट्टेल र फोकल पर्शनको रुपमा उद्यम विकास सहजकर्ता श्री रमेश अधिकारीलाई तोक्ने निर्णय गरियो ।

निर्णय नं. ११ : भू उपयोग ऐन २०७६ को दफा १८ बमोजिम नगर कार्यपालिकाले भूउपयोग परिषद् रुपमा काम गर्ने प्रवन्ध भएको हुँदा बेलबारी नगरकार्यपालिकालाई भू उपयोग परिषद् रुपमा काम गरी नगर प्रमुख स्तरीय निर्णय अनुसार कार्य प्रारम्भ भएकोमा सो लाई स्वीकृत / अनुमोदन गर्ने साथै ऐ. ऐन २०७६ को दफा २० बमोजिम गठन गर्नुपर्ने भूउपयोग कार्यान्वयन समिति पदेन सदस्य बाहेक अन्य सदस्यहरूको मनोनयन उपप्रमुखज्यूको प्रस्तावमा नगर प्रमुखज्यूले निर्णय गर्ने गरी अधिकार प्रत्यायोजन गर्ने निर्णय गरियो ।

निर्णय नं. १२ : बेलबारी नगरपालिकाले मिति २०७६/१२/०१ को पाथवे ट्रेईस नेपाल जे.भि. इटहरीसँगको सम्झौतामा नगर क्षेत्र भित्रको प्रमुख बजार क्षेत्रको फोहोरमैला व्यवस्थापनको कार्य भईरहेकोमा दोस्रो स्थानीय तह निर्वाचनबाट निर्वाचित जनप्रतिनिको पहिलो नगरसभाले फोहोरमैला व्यवस्थापनका लागि रु १५,००,०००/- अक्षरेपि पन्ध्र लाख मात्र विनियोजन गरेको र फोहोर उत्सर्जनकर्तासँग पनि फोहोर बापत रकम संकलन गर्ने गरी सार्वजनिक निजी साझेदारीको अवधारणा अन्तर्गत फोहोर संकलन गर्ने निर्णय भएको छ । हालका दिनमा प्रति महिना मु.अ.कर सहित रू ३,९८,८९०/- रकम सम्झौताको दोस्रो पक्षलाई भुक्तान गरिरहेको र पाँच वर्षका लागि सम्झौता गरिएको संस्थालाई सेवाग्राहीसँग फोहोरमैला व्यवस्थापन शुल्क लिई कार्य गर्न र मासिक रूपमा रु ५१,०००/- अक्षरेपि एकाउन्न हजार उपलब्ध गराउनका लागि पत्रचार भएकोमा पाथवे ट्रेईस नेपाल जे.भि. इटहरीको मिति २०७९/०५/०७ को चलानी नं. ०२ बमोजिम कार्यालयले उपलब्ध गराउने रकममा कार्य गर्न नसक्ने लिखित जवाफ दिएको र निजको कार्य सन्तोषजनक समेत नभएको हुँदा सम्झौताको बुदा नं. ११ बमोजिम निजसँगको सम्झौता अन्त्य गर्दै सार्वजनिक निजी साझेदारीको माध्यमबाट नगरपालिकाबाट बढीमा मासिक रुपमा रकम रु ५२,०००/- अक्षरेपि बाउन्न हजार मात्र भुक्तान गर्ने र बाँकी रकम नगरपालिकाले तोकेको दररेटमा फोहोर उत्सर्जनकर्तासँग उठाउने गरी एघारौं नगर सभाबाट निर्णय साथै नगरकार्यपालिकाको निर्णय बमोजिम सार्वजनिक निजी साझेदारी मार्फत गर्ने गरी सार्वजनिक सूचना गरी साथै अन्य विषय नगरपालिकाको निर्णय बमोजिम हुने सेवा खरिद गर्ने निर्णय गरियो ।

निर्णय नं. १३ : सार्वजनिक खरिद नियमावली, २०७८ को देहाय बमोजिम दोश्रो संशोधन गर्ने निर्णय बमोजिम गरीयो।

| दफा/उपदफा र साविकमा भएको व्यवस्था | संशोधन/थप हुनु पर्ने बिषय | संशोधन गर्नु पर्ने कारणहरु |
|---|---|---|
| <u>खण्ड ग.मा भएको व्यवस्थाः</u> ग. खण्ड क. बमोजिमको कार्यान्वयन कार्य योजनाको आधारमा कुनै आन्तरिक आय पाँच लाख रुपैयाँ भन्दा कम उठ्ने भएमा सोझै वार्ताद्वारा, बीस लाख रुपैयासम्म भए दरभाउपत्र र सो भन्दा बढी उठ्ने भएमा बोलपत्र आह्वान गरी सम्झौता गर्नु पर्नेछ । <br> <u>खण्ड घ. भएको व्यवस्थाः</u> खण्ड ग. बमोजिम बोलपत्र आह्वान गर्दा दशलाख रुपैयाँसम्म भए स्थानीय स्तरमा नियमित प्रकाशन हुने दैनिक | <u>खण्ड ग. को संशोधनः</u> ग. खण्ड क. बमोजिमको कार्यान्वयन कार्य योजनाको आधारमा कुनै आन्तरिक आय पाँच लाख रुपैयाँ भन्दा कम उठ्ने भएमा सोझै खरिद वा वार्ताद्वारा, बीस लाख रुपैयासम्म भए दरभाउपत्र र सो भन्दा बढी उठ्ने भएमा बोलपत्र आह्वान गरी सम्झौता गर्नु पर्नेछ । <br> <u>खण्ड घ. भएको व्यवस्थाः</u> खण्ड ग. बमोजिम दरभाउपत्र आह्वान गर्दा स्थानीय स्तरमा नियमित प्रकाशन हुने दैनिक पत्रिका वा राष्ट्रियस्तरको | आन्तरिक आय व्यवस्थापन प्रक्रिया सहज बनाउन आवश्यक भएकोले । |

Scanned with CamScanner

| दफा/उपदफा र साविकमा भएको व्यवस्था | संशोधन/थप हुनु पर्ने विषय | संशोधन गर्नु पर्ने कारणहरु |
|---|---|---|
| पत्रिका वा राष्ट्रियस्तरको पत्रिकामा कम्तीमा पन्ध्र दिनको म्याद दिई सूचना प्रकाशन गर्नु पर्नेछ र त्यस्तो सूचना कार्यालयको वेभसाइट लगायत जिल्ला प्रशासन कार्यालय, जिल्ला समन्वय समितिको कार्यालय, मालपोत कार्यालय, कोष तथा लेखा नियन्त्रक कार्यालय, तथा निर्माण व्यवसायी संस्था भए त्यस्ता संस्थाको कार्यालयमा समेत सबैले देखे गरी सार्वजनिक ठाउँमा सूचना टाँस गरी सोको मुचुल्का वा टाँसेको जानकारी प्राप्त गर्नु पर्नेछ । दशलाख रुपैयाँ भन्दा बढी भएमा कम्तीमा तीस दिनको म्याद दिई राष्ट्रियस्तरको दैनिक पत्रिकामा सूचना प्रकाशन गर्नु पर्नेछ । | पत्रिकामा कम्तीमा पन्ध्र दिनको म्याद दिई सूचना प्रकाशन गर्नु पर्नेछ र त्यस्तो सूचना कार्यालयको वेभसाइट लगायत सबैले देखे गरी सार्वजनिक ठाउँमा सूचना टाँस गर्नु पर्नेछ । बोलपत्रको हकमा कम्तीमा तीस दिनको म्याद दिई राष्ट्रियस्तरको दैनिक पत्रिका र वेभसाइटमा सूचना प्रकाशन गर्नु पर्नेछ । | |
| **<u>खण्ड ङ. मा भएको व्यवस्था:</u>** ङ. खण्ड घ. बमोजिमको सूचनामा देहायका कुराहरु खुलाउनु पर्नेछः<br>(१) ठेक्काका मुख्य मुख्य शर्तहरु,<br>(२) श्रोतगत र स्थानगत विवरण र उठाउनु पर्ने आन्तरिक आयको सम्भावित परिमाण,<br>(३) ठेक्का सम्झौता बमोजिमको रकम एकमुष्ट बुझाँउदा छुट दिईने भए सो कुरा,<br>(४) बोलपत्र फारम प्राप्त हुने स्थान र तरिका,<br>(५) बोलपत्र पठाउनु पर्ने तरिका,<br>(६) बोलपत्र पठाउनु पर्ने कार्यालय वा अधिकारीको नाम,<br>(७) बोलपत्र बापत लाग्ने दस्तुर,<br>(८) बोलपत्र दाखिला हुनुपर्ने अन्तिम मिति र समय, तथा बोलपत्र खोलिने समय, मिति र स्थान,<br>(९) बोलपत्र उपर निर्णय हुने मिति,<br>(१०) जमानत बापत राख्नु पर्ने रकम वा बैंङ्कग्यारेन्टीको किसिम र मान्य अवधि,<br>(११) अन्य आवश्यक कुराहरु । | **<u>खण्ड ङ. को संशोधन:</u>** ङ. खण्ड घ. बमोजिमको सूचनामा देहायका कुराहरु खुलाउनु पर्नेछः<br>(१) ठेक्काका मुख्य मुख्य शर्तहरु,<br>(२) श्रोतगत र स्थानगत विवरण र उठाउनु पर्ने आन्तरिक आयको सम्भावित परिमाण,<br>(३) ठेक्का सम्झौता बमोजिमको रकम एकमुष्ट बुझाँउदा छुट दिईने भए सो कुरा,<br>(४) दरभाउपत्र/बोलपत्र फारम प्राप्त हुने स्थान र तरिका,<br>(५) दरभाउपत्र/बोलपत्र पठाउनु पर्ने तरिका,<br>(६) दरभाउपत्र/बोलपत्र पठाउनु पर्ने कार्यालय वा अधिकारीको नाम,<br>(७) दरभाउपत्र/बोलपत्र बापत लाग्ने दस्तुर,<br>(८) दरभाउपत्र/बोलपत्र दाखिला हुनुपर्ने अन्तिम मिति र समय, तथा खोलिने समय, मिति र स्थान,<br>(९) दरभाउपत्र/बोलपत्र उपर निर्णय हुने मिति,<br>(१०) जमानत बापत राख्नु पर्ने रकम वा बैंङ्कग्यारेन्टीको किसिम र मान्य अवधि,<br>(११) अन्य आवश्यक कुराहरु । | |
| **<u>उपखण्ड (झ) मा भएको व्यवस्था:</u>** झ. खण्ड ज. बमोजिम दोस्रो पटक सूचना प्रकाशन गर्दा पनि दरभाउपत्र/बोलपत्र नपरेमा कम्तीमा सात दिनको म्याद दिई खण्ड ङ. बमोजिमको सूचनामा देहायको कुराहरु थप गरी सार्वजनिक बढाबढको सूचना प्रकाशन गर्नु पर्नेछः—<br>१) बढाबढ हुने स्थान, | **<u>उपखण्ड (झ) को संशोधन:</u>** खण्ड ज. बमोजिम दोस्रो पटक सूचना प्रकाशन गर्दा पनि दरभाउपत्र/बोलपत्र नपरेमा वा सारभूतरुपमा प्रभावग्राही नभएमा न्यूनतम कबोल अंक राजस्व परापर्श समितिको सिफारिसमा पुनर्मूल्याङ्कन गरि कार्यपालिकाबाट स्वीकृत भएपछि कम्तीमा सात दिनको म्याद दिई तेश्रो र चौथो पटकसम्म खण्ड | |

| दफा/उपदफा र साविकमा भएको व्यवस्था | संशोधन/थप हुनु पर्ने विषय | संशोधन गर्नु पर्ने कारणहरु |
|---|---|---|
| २) बढाबढ हुने समय र मिति,<br>३) अन्य आवश्यक कुराहरु । | ङ. बमोजिम प्रक्रिया अपनाई सूचना प्रकाशन गर्नु पर्नेछ ।<br>**उपखण्ड (झ)१ थपः** उपखण्ड (झ) बमोजिम चौथो पटक सूचना प्रकाशन गर्दा पनि कुनै दरभाउपत्र/बोलपत्र नपरेमा वा सारभूतरुपमा प्रभावग्राही नभएमा उपदफा (१०) बमोजिमको प्रक्रिया अपानाई आय व्यवस्थापन गर्न सकिनेछ । | |
| <u>**उपदफा (५)**</u> **मा भएको व्यवस्थाः** उपनियम (४) को खण्ड ङ. र खण्ड झ. बमोजिम प्रकाशित सूचना बमोजिम बोलपत्र दिने वा डाँक बोल्ने व्यक्तिले आफूले कबूल गरेको अङ्कको पाँच प्रतिशत रकम नगदै वा सूचनामा तोकिएको बैंङ्कमा जमानत वापत रकम जम्मा गरेको सक्कल भौचर वा नेपाल राष्ट्र बैङ्कबाट मान्यता प्राप्त बैङ्कले जारी गरेको कम्तीमा नब्बे दिन म्याद भएको विडवण्डको सक्कल प्रति संलग्न राख्नु पर्नेछ । | <u>**उपदफा (५) हटाउने ।**</u> | |
| <u>**उपदफा (६)**</u> **मा भएको व्यवस्थाः** (६) यस नियमावली बमोजिम जफत हुने अवस्थामा बाहेक उपनियम (५) बमोजिम राखिएको जमानत वापतको रकम सो जमानत राख्ने व्यक्ति वा संस्थाले दिएको बोलपत्र वा बोलेको डाँक अस्वीकृत भएको मितिले तीस दिनभित्र निजलाई फिर्ता गर्नु पर्नेछ ।<br>तर, कुनै ठेक्काको चलन पूर्जी नलिएसम्म वा पट्टा नउठाएसम्म जमानत फिर्ता नगरी स्थगित राख्न बाधा पर्ने छैन । | <u>**उपदफा (६) हटाउने ।**</u> | |
| <u>**उपदफा (७)**</u> **मा भएको व्यवस्थाः** (७) उपनियम (४) अन्तर्गत प्रकाशित सूचनामा बढाबढको लागि तोकिदिएको समय वा मितिभन्दा पछि वा त्यस्तो सूचनामा बढाबढको लागि तोकिदिएको स्थानमा बाहेक अन्य कुनै स्थानमा वा हुलाक, फोन वा ईमेल वा फ्याक्सद्वारा बोलेको कुनै पनि डाँक उपर कुनै कारबाही गरिने छैन । | <u>**उपदफा (७) हटाउने ।**</u> | |
| <u>**उपदफा (८)**</u> **मा भएको व्यवस्थाः** (८) यस नियम बमोजिम पर्न आएका दरभाउपत्र/बोलपत्र वा डाँक बढाबढको प्रस्तावको लागि पेश भएका कागजातहरु दरभाउपत्र/बोलपत्रका सर्त बमोजिम भए नभएको परिक्षण र मूल्याङ्कन गरि सारभूत रुपमा प्रभावग्राही | <u>**उपदफा (८) को संशोधनः**</u> (८) यस नियम बमोजिम पर्न आएका दरभाउपत्र/बोलपत्र प्रस्तावको लागि पेश भएका कागजातहरु दरभाउपत्र/बोलपत्रका सर्त बमोजिम भए नभएको परिक्षण र मूल्याङ्कन गरि सारभूतरुपमा प्रभावग्राही दरभाउपत्र/बोलपत्र यस नियमावली बमोजिमको | |



Scanned with CamScanner

| दफा/उपदफा र साविकमा भएको व्यवस्था | संशोधन/थप हुनु पर्ने विषय | संशोधन गर्नु पर्ने कारणहरु |
|---|---|---|
| दरभाउपत्र/बोलपत्र यस नियमावली बमोजिमको बोलपत्र मूल्यांकन समितिले सिफारिस सहित निर्णयको लागि पेश गर्नु पर्नेछ । | बोलपत्र मूल्यांकन समितिले सिफारिस सहित निर्णयको लागि पेश गर्नु पर्नेछ । | |
| **<u>दफा १३९ को उपदफा २ मा भएको व्यवस्थाः</u>**<br>(२) यस नियम बमोजिम ठेक्का स्वीकृत गर्दा ठेक्काका सर्तहरु पूरा गरी सारभूत रुपमा प्रभावग्राही देखिएका बोलपत्रहरु मध्ये सबैभन्दा बढी अंक कबोल गर्नेको बोलपत्र स्वीकृत गर्नु पर्नेछ । | **<u>दफा १३९ को उपदफा २ को संशोधनः</u>**<br>(२) यस नियम बमोजिम ठेक्का स्वीकृत गर्दा ठेक्काका सर्तहरु पूरा गरी सारभूत रुपमा प्रभावग्राही देखिएका दरभाउपत्र/बोलपत्रहरु मध्ये सबैभन्दा बढी अंक कबोल गर्नेको बोलपत्र स्वीकृत गर्नु पर्नेछ । | |
| **<u>दफा १४० मा भएको व्यवस्थाः</u>**<br>१४०. संझौता वा अधिकारपत्रः (१) यस नियमावली बमोजिम आन्तरिक आय उठाउने बोलपत्र वा डाँक स्वीकृत भैसकेपछि कार्यालयले पन्ध्र दिनभित्र संझौताका लागि बोलपत्र वा डाँकवालालाई सूचना दिनुपर्नेछ ।<br>(२) उपनियम (१) बमोजिम सूचना जारी भएको म्यादभित्र आफ्नो कबूल बमोजिम संझौता गर्न नआएमा त्यस पछिको दरभाउपत्र/बोलपत्र वा डाँकवालालाई ठेक्का दिइने विषय स्पष्ट खोली सूचना तामेल गर्नु गराउनु पर्नेछ ।<br>स्पष्टीकरणः यस नियमको प्रयोजनको लागि स्थानीय पत्रपत्रिकामा प्रकाशित गरिएको सार्वजनिक सूचनालाई सूचना तामेली भएको मानिनेछ ।<br>(३) उपनियम (१) र (२) बमोजिम जारी भएको सूचनाको म्यादमा बोलपत्र वा डाँकवाला हाजिर भई संझौता गर्न मञ्जूर गरेमा निजबाट तुरुन्त कबुलियत गराई निजलाई अधिकारपत्र वा चलन पूर्जी दिनु पर्नेछ । त्यस्तो बोलपत्र वा डाँकवाला हाजिर नभएमा वा आफ्नो कबुल बमोजिम कबुलियत गर्न मञ्जूर नगरेमा निज पछिको दोस्रो, तेस्रो क्रम अनुसार अरु बोलपत्र वा डाँकवालालाई प्राथमिकता दिई उपनियम (२) बमोजिमको सूचना जारी गरी ठेक्का बन्दोबस्त गर्नु पर्नेछ । यसरी दोश्रो, तेश्रो क्रम अनुसार सम्झौता गर्नुपर्ने अवस्थामा सम्झौता गर्न नआउने दरभाउपत्र/बोलपत्र वा डाँकवालाको धरौटी जफत गरि ठेक्कासँग सम्बन्धित विस्तृत विवरण र कारण खुलाई सम्बद्ध कागजात सहित सार्वजानिक खरिद अनुगमन कार्यालयलाई लेखि पठाउन पर्नेछ | **<u>दफा १४० को संशोधनः</u>**<br>१४०. संझौता वा अधिकारपत्रः (१) यस नियमावली बमोजिम आन्तरिक आय उठाउने बोलपत्र स्वीकृत भैसकेपछि कार्यालयले पन्ध्र दिनभित्र र दरभाउपत्रको हकमा ७ दिन भित्र संझौताका लागि दरभाउपत्र/बोलपत्रदातालाई सूचना दिनुपर्नेछ ।<br>(२) उपनियम (१) बमोजिम सूचना जारी भएको म्यादभित्र आफ्नो कबूल बमोजिम संझौता गर्न नआएमा त्यस पछिको दरभाउपत्र/बोलपत्रवालालाई ठेक्का दिइने विषय स्पष्ट खोली सूचना तामेल गर्नु गराउनु पर्नेछ ।<br>स्पष्टीकरणः यस नियमको प्रयोजनको लागि स्थानीय पत्रपत्रिकामा प्रकाशित गरिएको सार्वजनिक सूचनालाई सूचना तामेली भएको मानिनेछ ।<br>(३) उपनियम (१) र (२) बमोजिम जारी भएको सूचनाको म्यादमा बोलपत्रवाला हाजिर भई संझौता गर्न मञ्जूर गरेमा निजबाट तुरुन्त कबुलियत गराई निजलाई अधिकारपत्र वा चलन पूर्जी दिनु पर्नेछ । त्यस्तो बोलपत्र वा डाँकवाला हाजिर नभएमा वा आफ्नो कबुल बमोजिम कबुलियत गर्न मञ्जूर नगरेमा निज पछिको दोस्रो, तेस्रो क्रम अनुसार अरु बोलपत्रलाई प्राथमिकता दिई उपनियम (२) बमोजिमको सूचना जारी गरी ठेक्का बन्दोबस्त गर्नु पर्नेछ । यसरी दोश्रो, तेश्रो क्रम अनुसार सम्झौता गर्नुपर्ने अवस्थामा सम्झौता गर्न नआउने दरभाउपत्र/बोलपत्रको धरौटी जफत गरि ठेक्कासँग सम्बन्धित विस्तृत विवरण र कारण खुलाई सम्बद्ध | |



Scanned with CamScanner

| दफा/उपदफा र साविकमा भएको व्यवस्था | संशोधन/थप हुनु पर्ने विषय | संशोधन गर्नु पर्ने कारणहरु |
|---|---|---|
| ।<br>तर, यसरी ठेक्का बन्दोवस्त गर्दा त्यस्तो रकम अनुमान गरेको अङ्क भन्दा कम हुने रहेछ भने यस नियमावलीको प्रकृया पुर्याई पुनः बोलपत्र आव्हान गर्नुपर्नेछ । | कागजात सहित सार्वजानिक खरिद अनुगमन कार्यालयलाई लेखि पठाउन पर्नेछ ।<br>तर, यसरी ठेक्का बन्दोवस्त गर्दा त्यस्तो रकम अनुमान गरेको अङ्क भन्दा कम हुने रहेछ भने यस नियमावलीको प्रकृया पुर्याई पुनः बोलपत्र आव्हान गर्नुपर्नेछ । | |
| (४) नियम १३८ को उपनियम (२) बमोजिम संयुक्त रुपमा बोलपत्र आव्हान गर्नुपर्ने अवस्थामा सोको व्यवस्थाको लागि दरभाउपत्र/बोलपत्र वा बढाबढको लागि कार्यसर्त तोकी संयुक्त समितिको व्यवस्था गर्नुपर्नेछ । संयुक्त समितिको अख्तियारवालाले दरभाउपत्र/बोलपत्र खोलिएको वा डाँक बोलाइएको तीन दिनभित्र दरभाउपत्र/बोलपत्र वा डाँक स्वीकृत गर्ने वा नगर्ने निर्णयका लागि संयुक्त समिति समक्ष पेश गरी निकासा भए बमोजिम गर्नु पर्नेछ । संयुक्त समितिले पेश भएको पन्ध्र दिनभित्र दरभाउपत्र/बोलपत्र वा डाँक स्वीकृत भए वा नभएको निकासा दिइसक्नुपर्नेछ । तोकिएको म्यादभित्र पेश नगरेको वा निकासा नदिएको कारणले कुनै हानी नोक्सानी भएमा यसरी हानी नोक्सानी भएको रकम जसको ढिलाई वा लापरवाहीले गर्दा हानी नोक्सानी भएको हो सोही व्यक्तिबाट असूल उपर गरिनेछ । | (४) नियम १३८ को उपनियम (२) बमोजिम संयुक्त रुपमा बोलपत्र आव्हान गर्नुपर्ने अवस्थामा सोको व्यवस्थाको लागि दरभाउपत्र/बोलपत्रको लागि कार्यसर्त तोकी संयुक्त समितिको व्यवस्था गर्नुपर्नेछ । संयुक्त समितिको अख्तियारवालाले दरभाउपत्र/बोलपत्र खोलिएको तीन दिनभित्र दरभाउपत्र/बोलपत्र स्वीकृत गर्ने वा नगर्ने निर्णयका लागि संयुक्त समिति समक्ष पेश गरी निकासा भए बमोजिम गर्नु पर्नेछ । संयुक्त समितिले पेश भएको पन्ध्र दिनभित्र दरभाउपत्र/बोलपत्र स्वीकृत भए वा नभएको निकासा दिइसक्नुपर्नेछ । तोकिएको म्यादभित्र पेश नगरेको वा निकासा नदिएको कारणले कुनै हानी नोक्सानी भएमा यसरी हानी नोक्सानी भएको रकम जसको ढिलाई वा लापरवाहीले गर्दा हानी नोक्सानी भएको हो सोही व्यक्तिबाट असूल उपर गरिनेछ । | |
| (५) दरभाउपत्र/बोलपत्र वा डाँक स्वीकृत भए पछि त्यस्तो बोलपत्रदाता वा डाँकवालाबाट स्वीकृत ठेक्का अङ्कको कुल रकमको नेपाल राष्ट्र बैङ्कबाट मान्यता प्राप्त वाणिज्य बैंकको संझौता सर्त बमोजिमको म्याद भएको कार्य सम्पादन जमानत (परफरमेन्स वण्ड) वा नगदै रकम प्राप्त भएपछि ठेक्का पाउने सबै शर्त खुलाई सम्बन्धित ठेकेदारसँग कबुलियत गराई अधिकारपत्र दिनु पर्नेछ । | (५) दरभाउपत्र/बोलपत्र स्वीकृत भए पछि त्यस्तो बोलपत्रदाताबाट स्वीकृत ठेक्का अङ्कको कुल रकमको नेपाल राष्ट्र बैङ्कबाट मान्यता प्राप्त वाणिज्य बैङ्कको संझौता सर्त बमोजिमको म्याद भएको कार्य सम्पादन जमानत (परफरमेन्स वण्ड) वा नगदै रकम प्राप्त भएपछि ठेक्का पाउने सबै शर्त खुलाई सम्बन्धित ठेकेदारसँग कबुलियत गराई अधिकारपत्र दिनु पर्नेछ । | |
| (६) बोलपत्र वा डाँक स्वीकृत भएको सूचना प्राप्त भएपछि सो सूचनामा तोकिएको म्यादभित्र दरभाउपत्र/बोलपत्र वा डाँकवालाले चलन पूर्जी नलिएमा वा पट्टा नउठाएमा निजले नियम १३८ को उपनियम (५) बमोजिम राखेको जमानत जफत गरी संचित कोषमा दाखिला गरिनेछ । | (६) दरभाउपत्र/बोलपत्र स्वीकृत भएको सूचना प्राप्त भएपछि सो सूचनामा तोकिएको म्यादभित्र दरभाउपत्र/बोलपत्रदाताले चलन पूर्जी नलिएमा वा पट्टा नउठाएमा निजले नियम १३८ को उपनियम (५) बमोजिम राखेको जमानत जफत गरी संचित कोषमा दाखिला गरिनेछ । | |
| (७) उपनियम (४) मा जुनसुकै कुरा लेखिएको भएतापनि कुनै एक स्थानीय तहले आपसी सहमतिमा ठेक्का व्यवस्थापन गर्न सक्नेछ । | (७) उपनियम (४) मा जुनसुकै कुरा लेखिएको | |



Scanned with CamScanner

| दफा/उपदफा र साविकमा भएको व्यवस्था | संशोधन/थप हुनु पर्ने विषय | संशोधन गर्नु पर्ने कारणहरु |
|---|---|---|
| | भएतापनि कुनै एक स्थानीय तहले आपसी सहमतिमा ठेक्का व्यवस्थापन गर्न सक्नेछ । | |
| दफा ७९ को उपदफा (३) को खण्ड (ङ) को उपखण्ड (३) मा भएको व्यवस्था<br>विगत सात वर्षमा सम्पन्न गरेको समान प्रकृतिको काम र स्थानको विवरण, र | दफा ७९ को उपदफा (३) को खण्ड (ङ) को उपखण्ड (३) संशोधन<br>विगत तीन वर्षमा सम्पन्न गरेको समान प्रकृतिको काम र स्थानको विवरण, र | स्थानीय स्तरमा प्रतिस्पर्धा बृद्धि गराई सार्वजनिक निकायको आम्दानी बढाउन । |
| दफा १३८ को उपदफा (१) मा भएको व्यवस्था<br>प्रचलित कानून बमोजिम सभाले निर्णय गरे अनुसारको कर, सेवाशुल्क, दस्तुत तथा अन्य आन्तरिक आय असूल गर्न एक आर्थिक वर्षको लागि ठेक्का बन्दोबस्त गर्न सकिनेछ ।<br>तर, आन्तरिक आय बृद्धि हुने देखिएमा वा पटक पटक ठेक्का बन्दोबस्त गर्दा प्रशासनिक दायित्व बढ्न जाने अवस्थामा तीन वर्षका लागि एकैपटक ठेक्का बन्दोबस्त जस्तै पोखरी, व्यापारिक भवन वा सटर आदी गर्न सकिनेछ । | दफा १३८ को उपदफा (१) संशोधन<br>प्रचलित कानून बमोजिम सभाले निर्णय गरे अनुसारको कर, सेवाशुल्क, दस्तुत तथा अन्य आन्तरिक आय असूल गर्न एक आर्थिक वर्षको लागि ठेक्का बन्दोबस्त गर्न सकिनेछ ।<br>तर, आन्तरिक आय बृद्धि हुने देखिएमा वा पटक पटक ठेक्का बन्दोबस्त गर्दा प्रशासनिक दायित्व बढ्न जाने अवस्थामा पाँच वर्षका लागि एकैपटक ठेक्का बन्दोबस्त जस्तै पोखरी, व्यापारिक भवन वा सटर आदी गर्न सकिनेछ । | स्थानीय स्तरमा प्रतिस्पर्धा बृद्धि गराई सार्वजनिक निकायको आम्दानी बढाउन । |

**निर्णय नं. १४** : स्थानीय तह दोस्रो निर्वाचनबाट निर्वाचित हुनुभएका नगर प्रमुख र नगर उप-प्रमुखको कामलाई व्यवस्थित, सहज र जनमैत्री गर्न /गराउन सि.नं. १ का केशव आचार्यलाई देहाय बमोजिम हुने गरी सेवा करारमा नियुक्ति गर्ने साथै सि. नं. २ का अर्जुन श्रेष्ठलाई सहायक कम्प्युटर अपरेटरमा यस अघि सा.ख.नि, २०६४ को नियम ९५ बमोजिम नगर प्रमुख स्तरिय निर्णय अनुसार गरिएको करार नियुक्तिलाई स्वीकृत / अनुमोदन गर्ने निर्णय गरियो ।

| क्र.स. | व्यक्तिको नाम | पद | सेवा/ सुवधि | नियुक्तिको प्रकृती |
|---|---|---|---|---|
| १ | केशव आचार्य<br>बेलबारी १० | सहायकस्तर पाँचौ | नेपाल सरकारले सम्बन्धीत तहलाई तोके अनुसार | करार / गाउँ तथा नगर सभा सदस्यहरूले पाउने सुविधाको सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन २०७५ को दफा ३ को उपदफा ३ बमोजिम । |
| २ | अर्जुन श्रेष्ठ<br>बेलबारी ७ | सहायक कम्प्युटर अपरेटर | नेपाल सरकारले सम्बन्धीत तहलाई तोके अनुसार | सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९५ बमोजिम करार । |

**निर्णय नं. १५ :**

क. यस नगरपालिकाको वडा नं. ५, ६ र ७ को प्रमुख सडकको रूपमा रहेको सुनसरी मोरङ सिँचाइ आयोजना अन्तर्गतको सुनसरी मोरङ सिँचाइ नगरको सडकको अवस्था अत्यन्त जीर्ण भई एम्बुलेन्स, दमकल, विद्यालयका सवारी साधनहरू, सुरक्षा निकायका सवारी साधनहरू, औषधी ढुवानीका सवारी साधनहरू लगायत सबै प्रकारका सार्वजनिक तथा निजी सवारीसाधनहरू सञ्चालन गर्न अत्यन्त कठिनाइ भइरहेको अवस्था छ । नगरपालिकाको दक्षिणी भेगको रूपमा रहेको उल्लिखित क्षेत्रका नागरिकहरूको उल्लिखित समस्यालाई समाधान गर्न बारम्बार नागरिक तथा जनप्रतिनिधि स्तरबाट माग एवं दबाब भइरहेको छ । उल्लिखित क्षेत्रमा नगर प्रमुख, उपप्रमुख र प्राविधिक एवं अन्य निकायका पदाधिकारी तथा सरोकारवालहरू समेतको अनुगमन भई समस्या यकिन भएको छ । तसर्थ उल्लिखित कार्य दसैं पूर्व नै गर्नका लागि सरोकारवालाहरूसँग सहकार्य गर्दै तत्काल कार्य अघि बढाउन नगर कार्यपालिकालाई निर्देशित गर्ने र सोको खर्च मर्मत सम्भार कोष बाट बेहोर्ने निर्णय गरियो ।

ख. चालु आ.व. को श्रावण १ गतेदेखि हालसम्म विभिन्न समयमा चिसाङ तथा लोहन्द्रा खोलामा बाढी आई धनजनको क्षति हुने सम्भावना रहेको हुँदा नगर प्रमुखको निरीक्षण बमोजिम तत्काल बाढी नियन्त्रण गर्न देहायका ठाउँमा निर्देश भए बमोजिम ब.शि.नं. ३५३ को विपद व्यवस्थापन कोषबाट भुक्तान गर्ने गरी निर्णय गरियो ।

| क्र.स. | खोलाको नाम | ठाउँको नाम | वडा नं. | भएको काम | कैफियत |
|---|---|---|---|---|---|
| १ | चिसाङ खोला | १. दौलतपुर | ७ | पर्क्यु पाईन | मूल्याङ्कन बमोजिम भुक्तानी गर्ने |
| | | २. दौलतपुर | ८ | पर्क्यु पाईन | |
| | | ३. चिसाङ खोला तल्लो पुल नहर दक्षिण काली मन्दिर दक्षिण | ७ | पर्क्यु पाईन | |
| २ | लोहन्द्रा खोला | १. लिची बगान छेउ | १ | पर्क्यु पाईन | |

ग. लोहन्द्रा / चिसाङ खोला नियन्त्रणका लागि सम्बन्धित सरोकारवालाहरूलाई निरीक्षण गराउने र बाढी पस्न सक्ने सम्भाव्य स्थानहरूको पहिचान गरी साझेदारीमा वा नगरपालिकाले बाढी नियन्त्रणका लागि जाली/ढुङ्गा लगाउने निर्णय गरियो ।

घ. वर्षातका समयमा नगरका विभिन्न स्थानहरूमा वडाको माग एवं नगर प्रमुखको निर्देशनमा सार्वजनिक खरिद नियमावली २०६४ को नियम ८५ को उपनियम १क बमोजिम खरिद प्रक्रिया अगाडि बढाइएको मा सो लाई स्वीकृत / अनुमोदन गर्दै उपलब्ध गराइएका ह्युमपाइपहरूको नियमानुसार भुक्तानी विपद व्यवस्थापन कोषबाट भुक्तानी गर्ने निर्णय गरियो ।

ङ. बेलबारी नगरपालिका वडा नं. १ मा सञ्चालनमा रहेको बेलबारी नगर अस्पतालमा थप विशिष्ट चिकित्सकीय सेवा थप गरी नागरिकलाई भरपर्दो र सर्वसुलभ स्वास्थ्य सेवाको पहुँच अभिवृद्धि गर्न हालको अस्पताल संरचना अभाव भएको हुँदा उक्त स्थानमा आवश्यकताका आधारमा थप कोठाहरू निर्माण गरी सोको भुक्तानी नगर स्तरीय पूर्वाधारबाट गर्ने निर्णय गरियो ।

च. बेलबारी नगरपालिकाको प्रशासनिक भवनमा निर्माणाधीन लिफ्ट सम्बन्धी कार्य फ्रेम स्ट्रक्चर सेरवाल प्रकारको भएको र प्रस्ताव भए बमोजिमको सेरवाल लगाउँदा पहिलो तला र दोस्रो तलामा पूर्ण अध्यारो हुने, सार्वजनिक सेवा प्रवाहमा अप्ठ्यारो हुने, दुईवटा तलामा बत्ती बाली रहनु पर्ने भएको र भवनको सौन्दर्ययतामा प्रतिकुल प्रभाव पर्ने भएको हुँदा उल्लिखित सेरवाल स्ट्रक्चरलाई पारदर्शी स्टील र सिसाको स्टक्चरद्वारा प्रतिस्थापन गर्न उपयुक्त हुने प्राविधिक राय प्राप्त भएको हुँदा प्राविधिक राय मुताबिक पेश भएको भेरिएसन प्रस्ताव बेलबारी नगरपालिकाको सार्वजनिक खरिद नियमावली २०७९ को नियम १२७ को उपनियम (१) (ग) मुताबिक भेरीएसन स्वीकृत गरी कार्य अगाडि बढाउन कार्यालयलाई निर्देश गर्ने निर्णय गरियो ।

देहाय

| सि. नं. | भेरिएसन गर्नुपर्ने आइटमहरु | साबिकको आइटम, परिमाण | थप गर्नुपर्ने नयाँ आइटमको परिमाण | V.O गर्नुपर्ने कारण र पुष्ट्याई | निर्माण सम्बन्धी आधारभूत प्रकृती वा क्षेत्रफल, ड्रइङ, डिजाइन परिवर्तन गर्नुपर्ने/नपर्ने | लागत अनुमान मा प्रभाव र स्वीकृत बजेटमा प्रभाव | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १ | Supplying, Making and fixing of different size of MS channels for lift structure including red oxide primer and two coat metal paint of approved colour as per drawings, specification and instruction of Engineer all complete | नभए को | 6505.82 kg | ठेक्का बन्दोबस्त गर्दा BoQ मा आइटमहरु छुट हुन गएको, | | | |
| २ | Supplying, Making and fixing of ACP Board to cover lift from all side all complete as per instruction of site Engineer | नभए को | 110.43 sqm | | | | |



Scanned with CamScanner

| सि. नं. | भेरिएसन गर्नुपर्ने आइटमहरु | साविकको आइटम, परिमाण | थप गर्नुपर्ने नयाँ आइटमको परिमाण | V.O गर्नुपर्ने कारण र पुष्ट्याँई | निर्माण सम्बन्धी आधारभूत प्रकृती वा क्षेत्रफल, डुइङ, डिजाइन परिवर्तन गर्नुपर्ने/नपर्ने | लागत अनुमान मा प्रभाव र स्वीकृत बजेटमा प्रभाव | कैफियत |
|---|---|---|---|---|---|---|---|
| ३ | Providing, Supplying & Fixing of 90 cm height Stainless Steel Railing of any shape for Staircase & Varanda including supplying of materials 50 mm Handrail pipe, 40mm vertical post, 75 mm Boluster & 20 mm dia. stainless steel three line horizontal pipe , cutting, bending, welding & fixing with nut bolts, nail etc., all complete as per drawing, specification & approval of engineer . | १५ रनिङ मिटर | 31.00 RM | | नपर्ने | नपर्ने | |
| ४ | **Electrical Items For Lift all complete as per Instruction of Site Engineer** | | | | | | |
| क | 6 mm2 Fireproof Wire | नभएको | 270.00 RM | | | | |
| ख | Earthing HD pipe | नभएको | 30.00 RM | | | | |
| ग | Bus bar | नभएको | 1 Nos. | | | | |
| घ | Cable shoe 25mm | नभएको | 10.00 Piece | | | | |
| ङ | DB Box 12 way | नभएको | 1.00 Piece | | | | |
| च | 32 Amphere TP | नभएको | 2.00 Nos. | | | | |
| छ | 16 Amphere TP | नभएको | 4.00 Nos. | | | | |
| ज | Supply and Fixing of 10mm 2 copper wire For Main DB to Sub DB of each Blocks | नभएको | 225.00 RM | | | | |
| झ | Supply and fixing od 60*6*3.18 copper plate 8 SWG copper wire with salt, coal & earthing properly | 1.00 Nos. | 2.00 Nos. | | | | |
| ५ | Dismantling of existing structures walls, slabs and other structure comprising of masonry, cement concrete, steel work, including scaffolding wherever necessary, sorting the dismantled Material, disposal of unserviceable Material and stacking the serviceable Material with all lifts and lead of 1000 meters (Cement concrete grade ) (By Manual means) | नभएको | 3.53 cum | | | | |

छ. बेलबारी नगरपालिका वडा नं. ३ मा अवस्थित श्री भगवती माध्यमिक विद्यालयको निर्माणाधिन भवनलाई पूर्णता दिनका लागि शिर्षक नं. ३८४ को विद्यालय भौतीक पूर्वाधर शीर्षकबाट खर्च हुने गरी रकम रु. २०,००,०००/- अक्षरेपि बीस लाख मात्र विनियोजन गर्ने निर्णय गरियो।

ज. बेलबारी नगरपालिकाका कर्मचारीहरूलाई उपलब्ध गराउने सवारीसाधन मर्मत र ईन्धन अर्को व्यवस्था नभईन्जेल सम्मका लागि नगर प्रमुखले निर्णय बमोजिम हुने निर्णय गरियो ।

झ. बेलबारी नगरपालिकाको वडा नं. १ स्थित निर्माणाधिन रहेको बेलबारी सपिङ कम्प्लेक्स तथा स्थानीय उत्पादन केन्द्र भवनको देहाय बमोजिमको म्याद थप गर्ने निर्णय गरियो ।



Scanned with CamScanner

| क्रस | ठेक्का नं. | निर्माण कार्यको नाम | निर्माण व्यवसायिको नाम | सम्पन्न गर्नुपर्ने मिति | म्याद थप मिति | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | BM/MOR/W/NCB-02-77-78 | बेलबारी सपिङ कम्प्लेक्स तथा स्थानीय उत्पादन बिक्री केन्द्र | रविना/ अभिसा / अभियान जेभी, काठमाण्डौं | २०७९/०५/२९ | २०८०/०५/२८ | |

ञ. आन्तरिक आय व्यवस्थापनका लागि सार्वजनिक निकायले हाल सम्म Standard Bid Document स्वीकृत नगरेको हुँदा यस पालिका र संयुक्त पालिकाको तर्फबाट यस पालिकाले प्रकासन गर्ने आय ठेक्काको सूचनाका लागि तयार गरी स्वीकृति लागि पेश गरेको Bid Document नै आय ठेक्काका लागि Standard Bid Document रुपमा मान्यता दिई बिक्री प्रकृयाबाट आय बस्दोबस्तिका लागि सूचना प्रकासन गर्ने साथै चिसाङ खोला र लोहन्द्र खोलाको आ.व. २०७९/८० खोला जन्य पदार्थको उत्खनन, संकलन तथा बिक्रीकार्यका लागि पेश भएको सूचना र सूचनामा संलग्न काजगातहरूलाई स्वीकृत गर्ने साथै चिसाङ खोलाको हकमा सम्बद्ध कागजातहरू कानेपोखरी गाउँपालिकाकालाई समन्वयका लागि पठाउने निर्णय गरियो ।

ट. श्रावण महिना भएको भारी वर्षातका कारण बेलबारी नगरपालिका भित्र बिभिन्न ठाउँमा पानीका कारण भत्किएको स्थानहरू मर्मत सम्भार, बाढी नियन्त्रण, बाढी निकास र बाढी नियन्त्रणका गर्नका लागि प्रयोग गरिएको ब्याक हो (Backhoe Loader) को भुक्तानी वडा कार्यालयको सिफरिसमा नगरकार्यापालिकाले ब.शि.नं. ३५३ को बिपद व्यवस्थापन कोषबाट भुक्तानी गर्न निर्देशन दिने निर्णय गरियो ।

ठ. बेलबारी नगरपालिकामा बिकाश निर्माणका कार्यमा प्रयोग गरिएको भौतिक पूर्वधारका पदार्थहरू (निर्माण सामाग्री) को टेष्ट गर्नका लागि ल्याब स्थापना गर्न कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

ड. मिति २०७९/०५/११ गते बेल्ली रियल स्टेट प्रा.लि. सुन्दरहरैंचाका प्रोपाईटर गोविन्द प्रसाद अधिकारीले स्टक प्रमाणित गरी पाउँ भनि दिएको निवेदनको सन्दर्भमा छलफल गर्दा स्टक निरीक्षण गरी नियमानुसार स्टक प्रमाणित गरिदिने निर्णय गरियो ।

ढ. बेलबारी नगरपालिकाको कार्यालय अन्तर्गतका नगरपालिका कार्यालय, वडा कार्यालय, स्वस्थ्य संस्थाहरू लगायतका सेवा ईकाइहरूको संगठन तथा व्यवस्थापन सर्वेक्षण नभएकोले सो निर्माण गर्नका लागि नगरपालिकाको विद्यमान जनशक्तिले गर्न नसक्ने भई परामर्शदाताबाट कार्य गर्ने गरी कार्य अघि बढाईएको हुँदा सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२ मा उल्लिखित विषय सन्दर्भलाई स्वीकृत TOR मा उल्लिखित जनशक्तिले गर्ने कार्य दिनका लागि DUDBC को परामर्श सम्बन्धी दररेट र अन्य विषयको सम्बन्धमा औचित्यता, आवश्यकता, यथार्तता र सान्तर्भिकताका आधारमा ऐ. नियमावलीको २०६४ अनुसूची (क) को ढाँचामा लागत अनुमान तर्जुमा गरी ऐ. नियमावलीको नियम १४ को उपनियम २ (क) बमोजिम लागत अनुमान स्वीकृत गरी ऐ. नियमावलीको नियम ७२ बमोजिम खरिद प्रकृया अघाडी बढाईएको छ । खरिद प्रकृयाबाट प्राप्त प्रस्ताबहरू मध्ये सारभुत रूपमा प्रभावग्राही न्यूनतम कबोल गर्ने श्री गभर्नेन्स डेभलपमेन्ट एण्ड रिसर्च कन्सल्टेन्सी प्रा.लि., ईमाडोल, ललितपुरसँग सम्झौताका लागि पेस भएको विषय सन्दर्भमा देहाय बमोजिम गर्न / गराउन कार्यालयलाई निर्देश गर्ने निर्णय गरियो ।

<u>देहाय</u>

(१) तत्काल सम्झौता गरी कार्य अघि बढाउने,

(२) संगठन तथा व्यवस्थापन सर्वेक्षणको प्रतिवेदन प्राप्त नहुँदासम्म स्थानीय सार्वजनिक कर्मचारीको पदपूर्ती सम्बन्धी कामकाज नगर्ने,

(३) छिटो कार्य सम्पादनका लागि सहजीकरण गर्ने ।



Scanned with CamScanner